जयस्थिति मल्लको सुधार

यो राजा जयस्थिति मल्लले वर्ष ---- -- राज्य गरे यी राजाले भोग गर्दा जयत नाउं गरेका मन्त्री र कीर्तिनाथ उपाध्याय मैथील रघुनाथ झा. रामनाथ झा. दक्षिण श्रीनाथ भट्ट, महीनाथ भट्ट, ई पाँच ब्राम्हणहरू सर्वशास्त्रज्ञ थुला बुढीमान हुनाले तिनीहरूका निर्णयले ठहरे बमोजिम अघी अघी लोप भई रहेका आचार आडी विषयको र जातका विषयको समेत यथाशास्त्रोक्त लेख गरी आफ्ना राज्यका विषयमा धेरै स्थितिको बन्दवस्त गरी प्रजाहरूलाई त्यस विषयमा वर्तन गराई धर्म नीति शास्त्रानुसार धर्मोपदेश गरी राज्य शासन गरे, अब ई राजाले बाधेको स्थिती संक्षेपः-

१. प्रजाहरूले आफ्नो घर खेत बीर्ताहरू दीक धीटो राखी ऋण ग्रहण गर्न र बीक्री गर्न समेत हुने नीयेम बाध्यः ॥

२. चार वर्ण छत्तीस जातको नीर्णय गरि पृथ्क पृथ्क जातिको भेद छुटै इ जात अनुसार कर्म काण्डको नीयम गरेः ॥

३. यी राजादेषी अधीका राजाका पालामा अपराध गर्ने लाई हस्त प्रहार र धीककार बचन यति दुई सजाय मात्र गर्दथे यीनका पालादेषीकालका प्रभावले बस्तासामान्य डण्डले प्रजाहरूको रक्षा

नहुने थानी सो हस्तप्रहारधीकार बचन डंण्डको प्रवृत्ति गरी रूपैया लिने डण्डको प्रवृत्ति गरी व्यवहारमा चलन गरेः ॥

४. राजा र राजसंतती परलोक हुँदा सबै प्रकारका आफ्ना प्रजाहरूलाई जम्मा गरी जातीका क्रमले मानीसहरूको दुई दुई चार चार जोडीको पंक्ति गरि नयां पलंग बनाई त्यस पलंगमा मृतक सरीर राषी स्व जातले बोकी डीप कराग गाई वाजा वजाई श्मसानमा लैजाने र घातमा लगी मृतकलाई अग्नीसंस्कार गर्ने नीयम बाँधे प्रजाहरूका मृतकका बीखयेमा छतीस जातमा केसै कसैलाई काहार बाजाबजाई स्मसानमा लगी चलाउने नीयम बाध्येः ॥

५. फेरि आफ्ना जातले गरी आएको कार्य छोड्ने र अर्काका जातले गरेको कार्यस्वीकार गर्नेलाई अपराधी सरह डण्ड गर्ने नीयम गर्ने गरेः ॥

६. जात चिन्हालाई साना साना जातहरूलाई पहीरन गहना घर इत्यादि यस्तो यस्तो बनाई व्यवहार गर्नू यस्तो यस्तो व्यवहार नगर्नु भनि जातै पीछे बेगल् बेगल् नीयम गरी चलनको स्थिति गरेः- जस्तो पहीरनका बीषयमाः- कसायी जातले बाहांकटे को लुगा लाउनूः पोढे जातले टोपी लवेटा जुट्टा सुनको गहना यति नलाउनू : कसायी :

पोह्ले चर्मकारः इनिले झीगटीको छाना भएको घर नबनाउनू : त्यस्ता घरमा नबस्नु फेरी आफुभन्दा थुला जातलाई साना जातले नरंम भई मान्नु भन्ने नीयमको स्थीती गरे यस्ता प्रकारले जात जातको पृथ्क पृथ्क स्थीती बाधी व्यवहारको सबै यथाशास्त्रोक्त नीयम गरी चलन चलाई देस देसमा यस कीर्ति चलाये । ई राजालाई राज गडी कुन हीसाबले मीलेको हो भने ई राजा बालष छडैमा अस्वक मल्ल परलोक भए पछि यी राजाले बालषैमा राज्यपाटी पायथे तैपनि ईनका पीताका भीत्रेनी पट्टीका छोराहरू ३ जनाले सषराज्य भोग गर्न नडीदा भागी पनौती सहरमा गई लुकीरहेका थीए त्यस बषत्मा वर्ष ६ सम्म ईनितीन भाई भीत्रेनी पट्टीकाले राजकाज चलाई रहेका थीए त्यस्तै वषतमा ती तीन भाई राजाले एकैकालमा ज्येठाले थुलो पोषरी बनाउनू : माहीलाले सहर बीपारी परी उचोपरखाल बनाउनू ? कान्छाले डरबार चोकहरू बढाउनू : ई तीन थोक बनाउनाको नीश्चये गरी प्रजाहरूलाई यस कालमा तीनै जनाले झारा आउनू भनि उर्डी गरे त्यस सहरका भला मानीसहरूले पनि यस्तो बीचार गरी सम्मत गरेको अहीले हामीहरूले पटराज्ञी पट्टीका राजा जयमल्लको आज्ञासीर उपर गर्न नपाई देवले गर्दा यीनी भीत्रेनी पट्टीका साना

बुदी भएका मानीसहरूका हुकुममा चलनु पऱ्यो अव प्रजाहरूलाई दुषडीन पनि लाग्यो एकैकालमा तिन तीरको काम भई प्रजाहरूलाई पनि तीन बीभाग गर्ने पर्ने भयो भनी असल पट्टीका जयमल्ललाई ल्याई राज गडीमा राषनाको सम्मत गरी सबै प्रजाहरू जम्मा गई घुराउठी हातमा सबै जनाले यक यक लथी लीई पनौती सहरमा गई राजा जयमल्ललाई पीधमा बोकी ल्याई राज गडीमा राखी फेरी राज्य भीखे गरी राजा गराये भीत्रेनी पट्टीका राजाहरू ३ भाईलाई लठीले हानी सीर फोडी मारे त्यसै बषतमा सबै जम्मा भई माहाराज हामीहरूको घरषेत सुनागरी हाम्रो षुस् गर्न डीई बक्सीयोस भनि बीन्ती गर्दा राजा जयमल्लले पनि खुसीले प्रजाहरू माथी बहुत प्रसन्न भई चलनका हकमा काटा, ढक, पाथी, करूवा यसले नाप जोखगरी कीन्ने बेचने व्यवहार गर्नु आफ्नो जातको रकम नछोढनू जात नछीपाउनू, तीमी प्रजाहरूका घर खेतमा हकमा तीमीहरूको सुनाघर, सुनाषेति, सुनावारी, भन्ने नाउ गरी घर षेत पाषाहरू तीमी प्रजाहरूलाई बक्स्यौं बेच्नू दान गर्नु, देवतालाई, चढाउनू, बन्धक, गर्नु स्मेत आफ्नो खुसगर भनि घरः- षेत प्रजाहरूलाई बक्सडीय प्रजाहरूले पनि घर षेत सुनावीर्तापाई बहुत खुसी भए फेरी ई राजाले

शिल्पवीडयामा प्रबीण भएका कालीगढहरूलाई डाकी बाग्मति आर्य्यातीर्थको पारी राम लव हरि कुस हरि भन्ने तीन मूर्ती बनाई स्थापना गरी प्रति वर्ष पुजा गरी ईष्ट देवमाने मृगस्थलीमा गोरखनाथको पाहुका मुर्ती तुल्याई सीद्ध जगाए, फेरी गोकर्णेस्वरमा नीत्यपुजाको सामग्रीको बन्दोवस्त गरी नीत्य पूजा गराई जीर्ण उद्धार गरे ललीत पटनमा कुभेश्वरको देवालय दुई तला छाना गरी बनाई गजुर चढाय सो देवाल यकासनी धानका तलाउ सोहरी सफा गर्दा सीलाको नारायण मूर्ति १ गणेश मुर्ती १ सीतला मुर्ती १ बासुकीको मुर्ती १ गौरीको मुर्ती १ बसाह १ कीर्तीमुष भैरव मुर्ती १ आगम मुर्ती १ जम्मा ८ मुर्ती पोषरी भित्र पाउदा तीनीहरूलाई स्थान स्थानमा जीर्णो द्वारपूर्वक स्थापना गरी शीतला शान्तीका नीमीत त्याहा उन्मत भैरवको मुर्ती प्रतीष्टा गरी मंन्त्रका प्रभावले जगाई स्थापना गरे तीनीका माथि त्यस आगम मुर्ती स्थापना गरी नेपाली संम्वत ५१२ मा समाप्त गरे यो वीस्तार भैरव सीलामा लेषेको छदैछ फेरी ई राजाले नेपाली संक्वत ५१५ साल माघ शुल्क दसमीरोहीनी नछेत्रका डीन बीहान १३ घडीमा गणेश पूजा कलसस्थापन ईत्याडी पुर्वाह पुर्वकको साहनती (शान्ति ?) यज्ञको

प्रारंभ गरी यज्ञ समाप्त गरी ब्राम्हणहरूलाई दान दक्षीणी भोजनहरू गराई त्यसै बषतमा ब्राम्हण आडी सबै प्रजाहरूलाई बृत्ती गर्नालाई जात बीषेखको बेगले बेगलै वृत्तीको व्यवस्था बाधी बंन्द बस्तगरी प्रजाहरूलाई वृत्तीमा प्रवृती गराए फेरी साहुरिणीका बीषयको दीक भौग कील भन्ने नाउले व्यवहारको चलं चलाए यो राजाले लेखीएका मंन्त्री पण्डीहरूका सम्म तले जातमाला जातनीनेय क्षेत्रिनीर्नय नरगृहनीनेय कार्या बली डंण्डमाला भन्ने लेखगरी ई लेखले बीसेखले स्थीती बाधनालाई नेपाली संम्वत ५३९ सालमा सो बमोजिम श्री श्री श्री श्री श्री जयमल्ल नेपालेस्वर जयस्थीती राजदेवमल्ल भन्ने प्रसस्ती थप प्रख्यात गरी आफ्ना नाउको सुन श्रृगीरूपैया बनाई लेखिएका आफुले बाढेका स्थीतीमा प्रजाहरूलाई प्रख्यात गरी प्रवृत्ती गराए त्यो स्थीती अवयाहा लेषीन्छ : ॥

१. **घरका बीखयेमाः-** बुढी अगुलाको चौबीस अगुलीका प्रमाणको हात १ आफ्नो हातको प्रमाण गरी बनाएको स्थीटीगल्लीका घरका प्रमाण खायक घरको चौरोतरफ नापी हात पंचानव्य ९५ गल्ली भीत्रका घरको प्रमाणखा १ घरको चारैतरफ नापी हात एक सय एक हात १०१ सहर पट्टीका घरको प्रमाण

हात पचासी ८५ यस्ता हीसापले घरका बीखयमा तीन प्रकारका नापीको नीयम वाध्ये : ॥

२. **ब्राम्हणक्षत्रीय बैस्य सुद्र यतिजातलाई घर बनाउने कार्यका बीखयमाः-** वास्तु प्रकार णोक्त क्रमर अष्ट वर्गका बीचारले यथो बीधी पुर्वक शीलान्यास गरी बनाउनु : ॥

३. **जातक कार्यका बीखयमाः** ब्राह्मण क्षत्रीयले ब्राह्मण बाट र बैस्य सुद्रहरूले दैवज्ञबाट जाटक शास्त्रिहरूको बीचार गरी डीनको यथेष्ठकालाडीर फलनीर्णय समेतको जात कपत्रिलेखाउनू : ॥

४. **खेतका बीषयमाः-** अबल्. डोयम. सीम. चाहार. चार प्रकारको व्यवस्थाबाधी संख्याको स्थीती गरे जस्तोः- अवलषेतमा चारैतरफ नापी प्रमाण यकसय नउ हातको कर्ष सीम खेतमा चारै तरफ नापी प्रमाण यकसय बाह्र ११२ हात कर्ख १ चाहार षेतमा चारै तरफ नापी यकसय पचीस १२५ को कर्ख १ गराए बुधी अगुलाका चौबीस अगुलीको यस हातका प्रमाणले साढे सातहात ७॥ हातको प्रमाण भएको टागो नाउ गरेको खेत नापनेमान डण्ड बनाए अघी खेत आडी नापी

कार्यका बीखएमा सा¬हे दस १०॥ हातका प्रमाणको मान डण्ड थीयो यी राजाका पाला त्यो मैती आफ्ना हातको प्रमाण गरी ७॥ हातको मान डण्डलाई नापी गर्नालाई डंगुल भन्ने नाउ भएको क्षत्रकारक जात प्रसीध गरी व्यवहार गरे घर नापी गर्ने कार्यका बीखयमा तक्षकार बाडाहरू मध्ये पीछु भन्ने नाउ भएको गृहकारक जात प्रसीध गरे : ॥

नेवारलाई छतिस जातको भेद गरी श्रेष्ट भन्ने नाउ भएको नेवार जात प्रसीद गरे यस्तै अरूहरूको जातको पनि पृथक पृथक भेड गरे जस्तो जैसीको जात ८ आचारको जात ८ बैडयको जात-चार इत्याडी : ॥

श्रेष्टका ३६ जात मध्ये तागाधारी जात १३ चन्देरी, सुवेडी, भडारी, आचार, दैवज्ञ यी आडी ब्राह्मणको जातः पंन्चगौड पंन्चद्राबी द्यति १० मुल जात हुन ईनैबाट ब्राह्मणको जातको नाउ धेरै हुन गयो जैसी ब्राह्मणलाई अपुज्य गरे : ॥

ज्यापुको जात बत्तीस ३२ कुमालको जात आठ ८ षसको जात चौसाथी ६४ कसाहीले नङकातने जात वहतर ७२ बाडाको जात ४ कुसलेको जात ४ पोडेको जात ४ चर्मकार कुलुको यती सब जात जम्मा गरी सातसय पचीस ७२५ पचीस जात थहरे : ॥

यस्तो जातको व्यवस्थाबाधी साना जातका हातबात अधीकार नभएको उत्तम कार्यहरू गराउनाले कुलीको नासर आयुदीनास हुन छन् गराउनू भन्ने सबै जातमा नीयम बाध्ये : ॥

फैरी थुला जातका स्त्रीले आफू भन्दा साना जातका पुरूष जातसंग र सानाजातका पुरूषले आफूभन्दा थुला जातका स्त्रीसंग र बिक्री डान गर्नु गरे जात वीसेषको व्यवस्थाले जाति भ्रष्टर अरी डड प्रायश्चीत समेतको भागी हुन्छ भन्ने पनि सबै जातका नीयम बाध्य : ॥

फेरी आफ्नो जातको परापुर्व देखीन् गरी आएको काम नगर्नेलाई डण्ड गर्न बीखयेमाः- ब्राम्हणले आफ्नो पुजा पाठरः यज्ञमानी काम गर्नुः काम गर्न वीराय ब्राम्हणलाई तुरू हजार १००० डण्ड गर्नु त्यस्तै आचारले काम बीराए आचारलाई पाचशय ५०० त्यस्तै गुमाललाई ५०० ज्यापुलाई २५ सुढीनीलाई २५ पीछीनीलाई १२ नाउलाई १२ भाटलाई १२ कहारलाई १२ कुहमाललाई १२ चीत्रकारीलाई १२ कसायीलाई १२ पोढेलाई १२ पोढेलाई १२ डण्ड गर्नु यजमानले बीराय तुरू १००० हजार यजमानलाई डण्ड गर्नु राजाले पनि सबै जातको कुलचार कार्यहरूको परापुर्वमा चले बमोजीम गरी थीति बाधी बराबर प्रवृत्ती गराउनु भन्ने स्थीती गरेः ॥

अब जात जातले गर्ने र गर्न नहुने वृत्तीका बीष्यको व्यवस्था:- ब्राम्हणको यजमानी: क्षत्रीयको राज्यकाजको स्थीती: श्रुद्धमारको वेपार यती अरूले गर्न हुँदैन उसै उसै जातले गर्नु भन्ने १ त्यस्तै चीत्रकारले चीत्रकार काम गर्नु: सालमीले तेल पेलनु: छीपाले कपरा गराउनू: भाट जातले नबुर गाउनू: गठरमाली जातले फुल बेचनु: खुसलले डोली बोकनू: योगी भेखधारीले मागी खानु: लोहकर्मीले ढुंगाको काम गर्नू: नकर्मीले फलामको काम गर्नु: सीकर्मीले काठको काम गर्नु: जोतीखीले जोतीस बीखयेको काम गर्नु: कुमालले माटाको भाढा बनाउनु: टती जातले कात्रो बुन्नु: कसायीले रांगो मार्नु मासू बेचनू: नाउले कपाल खौरनु नङ कातनु: भडेंलले पाक गर्नु: कसतले कासाको काम गर्नु: तमोटले तामाको काम गर्नु: बाडाहरूले सुन चाडीको काम गर्नु: बौद्धा चार्यगुमाले चीत्रकारी: साल्मी: छीपा, भाट, गठ: लाहकर्मी कुमाल: नाउ: बाडा: यीनै जातको यजमानी गर्नु: ॥

अबपन्च प्रजाहरूलाई बाधेको स्थीती:— सीपाहीलाई ढाल तरबार: खाली प्रजालाई डोको बोकी सबैले आफ्ना कर्ममा रहनु ब्राम्हणलाई सीपाहीले पाव लागी गर्नु कल्लयाण स्वस्ती दीर्घायु, यस्तो ब्राम्हणले आसीरवाद दीनु : ॥

सीपाही र नेवारले परस्पर राम राम गर्नु: ॥

अब चारै वर्ण छतीस जातलाई बाधेका स्थीतीः- पहिले मानीस जन्मदा सुठीनीलाई १ दीने डस्तुरः च्यूरा कुरूवा १० चाबल कुरूवा १० जन्मै देखीनुवारान सम्म बालषलाई डीएको वस्तु त्यस सुठीनीले पाउछे डाकदा नआउने सुढीनीलाई तुरू १२ साबिक सुढीनीलाई नडाकी अरू सुढीनीलाई डाकने र आउने सुढीनीलाई पनि तुरू २४।२४ डण्ड गर्नु जन्म भएको डीन अजीमाहरूलाई सीन्दुर सुपारीको पोका चढाउनु फेरी सुपारीहरू नातादार इष्टमीत्रहरूलाई पनि डीनू देवताहरूलाई सिन्दुको पोका र दक्षीणा चढाउनु गुरू प्रोहितलाई पनि दिनु खीचुपालु पनि चहाउनु डीन डीन बीचार गरी बधिया डीनमा पीछीनीलाई डाकी नालकटाउनु जुवानू चाकु ई बस्तु येकै थाउमा मीसाएको सुत्केरी हेर्न आएका ईष्टमित्रहरू सबैलाई बाड्ने बालग्रह सान्त गर्न बिखयेको डान गर्ने पडार्थ फेरी सीचु पालू बाडनू वकाठर ईसीमुग चढाउनू खुवाउनू सेतो भोत पहेलो रूमाल मीमीरा अगुठी यक कुरूवा चाबल पदार्थ र बुकुवा तेललाई डीनू प्रोहीतले सोझो काम गर्नु यजमानले डक्षीणा भेटी २४ डामुडीनु यसमा सावीस प्रोहीतलाई नडाकी अर्को प्रोहीतलाई डाकने यजमानलाई र आई काम गर्ने प्रोहीतलाई तुरू ५।५ डंण्ड गर्नु हर्षबाडा यी जो सकेको र सीचु पालु समेत गाउने बजाउनेलाई डीई पथाउनु फुफुले त्याहा आउने नाताडारहरू

र पुत्र परीयारहरू सबैलाई खुवाउनु काम सीद्धिय पछि फुफुलाई चोलाहरू डीई बीडा गरी पथाउनु प्रोहीतलाई सीद्धा पथाउनु दसौं डीनमा नाउलाई डाकी नङकेस बनाउनु काममा लागेको नाउ नाउनीलाई पेट भरी षूवाउनु त्योनाउने (आफ्नु २) आफू पाउने बार्ष डीनको ठेकबाली अडकेबालीलाई मात्र काम गर्नु त्यसकारणले यजमानले पनि नाउ नाउनीलाई डीनु पर्ने ठेक बाली नअडकाई अगाडी नै डीनु डाकडा आएन भने त्यस नाउलाई तुरू १२ डण्ड गर्नु यजमानले साबीक नाउ छोडी अर्को नाउ डाकी काम लगाए भने काम लाउने गर्ने दुबैलाई तुरू १२।१२ डंण्ड गर्नु हरबखत बर्खडीन सम्म काम गर्णे नाउलाई डीउसो खाना खाजा च्यूरा डीनुः ॥

देव पातनमा बस्येका लुगा धुने सघट भन्ने जातलाई लुगा धुन डीडा यक पाथी च्यूरा चौंधडाम डास्तुर डीनू डाकन जाडा नआउने सघटलाई तुरू ३ डंण्ड गर्नु साबीक सघटलाई छाडी अरूलाई डाकी काम लगाए सो गर्णे गराउनेलाई तुरू ३।३ डंण्ड गर्नूः ॥

सुतक भीत्रमा ज्योतीसीलाई डाकी बधिया डीन हेरी चीन्हा चीटा गर्नु जोतीसीलाई बाऱ्ह दाम दस्तुर दीनु ब्राम्हण रजपुतको १२ दिनमा नाम कर्ण गर्नु अरू जातको १० दिनमा गर्नु अरू जातमा १० दिनमा गर्नू प्रोहीतले कलसपुजा गरी नाम थहराई पन्चसुगंन्ध पदार्थले जन्म पत्रीका

नाउलेषी नाम बाची बालषलाई सुनाउनु सो गर्दा सुढीनीले बालषलाई स्नानगराउनु घृत प्राशण गराउनु फेरी मीमीरा अगुथी मोटो बुकुवातेल लगाई डीई त्यसलाई डस्तुर च्यूरा कुरूवा ५ चावल कुरूवा ५ डाकनजादा नआउने पीधीनीलाई तुरू १२ डण्ड गर्नु बालखजन्म भएको चौथा डिनमा गर्नेः- अजीमा लाई सीचू पालु चढाउनु, सीचु पालु भनेको सुत्केरी हुँदानून अदुवाको तुक्रा रूमाल डीनु कलस पुजाहरूमा र अजीमाको काम गर्दामा सीचु पालु चढाउनु त्यस त्यस काममा लाग्ने मानीसहरूलाई पनि सीचु पालु बाडनु माईतबाट ल्यायको तीकाकोसिराजामसोपनु माइतबाट आउने मानीसलाई पेट भरी खुवाई दाम डीई बीदा गर्नु फेरी बाटोमा अजीमालाई डीने पदार्थहरू लगी फालनु यति भएपछि त्यस डीन डेषी बालषलाई महमा घोटी औषद षुवाउनुः ॥

तेश्रो महीना लागेपछी बधीया डीनमा कलसार्चनगरी सुभलग्न मुहुर्तमा कुलका मान्ये स्त्री वा पुरूषले नरीबलकपुर गुलीयो फल उषु कोरसहरू षुवाउनु अनि सुढीनीले बली फालनु यजमानले ब्राम्हणलाई सिन्धा दक्षीणा डीई बीडा गर्नु फेरी माईतबाट आउनेलाई खुवाई २।२ दाम दस्तुर डीई बीडा गर्नु त्यस बखत देषीन बालषलाई फल सातु चल्यो : ॥

छमहिना लागेपछि बढीया डीन मुहुर्तमा ब्राम्हणले कलस पुजा गराई चौरासी जातको पाकीतयार भएको ब्यन्जन पदार्थ र सालीधानको यककुरूवा बाबलको मातई त्याडीखाने पदार्थहरू थूलो थालमा त्रीषुडीसमेत राखी पस्कीपहीलेतेही हीसाबको ब्यन्जन भाट दही आडी षाने पदार्थहरू अजीमालाई परसारी असल बेलामा कुल कामान्ये पुरूष वास्त्रिले पंचग्रास खुवाई थुलोगास गरी तीनगास खुवाउनु देवदेवतालाई ९ भाग भेटी र ब्राम्हणलाई सीघाडक्षीणा डीई बीडा गर्नु त्यस डीन देषी बालषलाई अन्न चल्यो : ॥

अबचुदाकर्मः अघील्लाडीन कुलकामान्ने पुरूषले नङ कपाल बनाई खलीले नुहाई शुद्ध हुनु भोली पलट्टातीनले गणेश पुजानान्दी श्राद्ध पीठ पुजाहरू पुर्वान्ह र गुरूनाथको पुजासमेत आचार्य काहात बातगराई त्यहापछि बटु (बालक) का सीरदेखी पादसम्म सुनले नापी यकसये आठ आवृत्ती गरी कुमारीका हातले बेऱ्ही बनायेका अधिवा सुन सुत्र र सुगन्ध द्रव्यस्वस्ती चीन्हीत पदार्थहरू र अग्नी संस्कृतलोहको क्षुर र क्ष्यांश कुतफल समेत जम्मा गरी अभीसेक दिई नवरत्न मुद्रीकाले बटूकामध्ये केसमा बाधनु देवतालाई भेटी चढाउनु कुमारीको पुजागरी ब्राम्हणजोखी आचार्यहरूलाई पुजागरी सीधादक्षीणा डीनु त्यहापछि त्रीगुडीसहीतको थुला

थालमा सातीधानकायक कुरूवा चाबलको भात जम्मै पस्की चौरासी ब्यन्जन समेत राखी त्यस बटुलाई, पंचग्रास पुर्वक भोजन गराउनु त्यहापछि उच्छीस्तकलुख फालनु भोली पलत प्रातकालमा यज्ञमण्डलमा सामग्री तयार गरी गणेश कलस आडी पुर्वान्नकर्म सीध्याई ब्रम्हाण नगरी होम गर्नु सुलग्गमहुर्त बखत्मा तुलक्षुर सूवर्णसुची चन्द्रमंण्डल थलीयामा राखि पुजा गरी सर्वोखध युक्त शुद्ध जलले बालकको कपाल भीजाई केसमा पन्चपलुवबाधी मावलीका हातलै पहीले पूर्वतीरको केसउहा पछी दक्षीणतरको यस्तै क्रमले बालकको केसछेडन गर्नु फुफुले चन्द्रमण्डल थलीयामा थापनु कानमा मामाले सुवर्ण सुचीले सुगन्दले चन्दनले चीन्ह लगाई डीनु उहापछि संपुर्ण केस नाउ बाटखौराउनु कानछेडनु सीधीए पछि स्नानगराई कपालमा खण्डले सेतोतीलक लगाई दीई स्वस्तीलेखी शकुन आसीरबाडहरू गाई पढी बस्त्र पहीराउनु थाडो चन्डन लगाउनु देवताहरूलाई भेटी ब्राम्हणलाई सीधादक्षीण डीई यज्ञ बीसर्जन अभीसेष गरी सुर्य गणेश आडी देवहरूको दरसन गराउनु फेरी मामाका घरबाट ल्याएको टीका लगाई डीनु टीकहरू ल्याउनेलाई खुवाई २।२ डाम डस्तुर डीनु फुफुलाई चोलोएकर चन्द्रमण्डलको थाली दीनू नाउलाई चार दीनक्षोरकार्यमा लगाएको बस्त्र खाने कुराको भाग बाह्र दाम दस्तुर समेत

बीनु बीडा गर्नु यसमा ई काममा लाग्ने साबीक मानीस छोडी अरूलाई डाकी काम गराउने यजमानलाई र गर्नेलाई पनि तुरू २४।२४ डण्ड गर्नु दाकदा नआउने ईनिहरूलाई प्रोहीतलाई तुरू १२ जैसी अचारलाई तुरू ६ फुफुलाई तुरू ८ मामालाई तुरू ८ चीत्रकारीलाई तुरू २ कुमाललाई तुरू १८ नाउलाई तुरू ३६ यस्दरले डण्ड गर्नु यो ब्राम्हण क्षेत्रियको चुडाकर्मको व्यवस्था हो अरू जातकाहरूमा कलस पुजामात्र गरी क्षोर गर्नु डण्डमा हकमा माथी लेषीया बमोजिम गर्नु :॥

अब ब्रतबन्धः- ब्रत बन्धका पूर्व डीनमा अधीवास र गणेश बरूण कलस स्थापन नांन्दी श्राद्ध, पुजाहरू चुडा कर्ममा गरे बमोजिम सीद्धा गरी गुरूले होम गरी सुभमूहुर्त बेलामा यथाक्रमले गुरू मण्डल ईन्द्रादी देवहरूको पुजागरी डण्डादी ग्रहण भूखणधारणा पुर्वक मौजीबन्द गरी अन्त्यमा गोडानहरू गर्नु आरम्भ काल ब्राह्मणको माघादीः आषाडाडीः भद्रसुल्क ईनमा आरम्भ गर्नु बढीया हुन्छ क्षत्रीयको असल सायतमा आरम्भ गर्नु बढीया हुन्छ मौजी बन्धनमा अष्टमंडीनमासमावर्तन कार्य गर्नु त्यहा पछि कुलदेवता पुजागरी अभीसेक भोजनहरू गर्नु यो ब्राह्मण क्षेत्रीयको हो अरू जातलाई कलस पुजामात्र गरी ब्रतबन्ध गर्नु अरू गर्नु पर्दैन एती कर्म भए पछि त्यहा देखि स्व जातको धर्म मर्ज्यादामा रहनु :॥

खुसल देखि उपल्लाजातले खुसल देषी कुलुसम्मका जातका हातको पानी नषानु कडाचीत थुलीखाए चान्द्रायण गरी पंचगर्बेषा ए ब्राह्मणलाई सीधा डक्षीणा डीई गोदानगरी रात्रीमा तारादरसन गरी भोजन गर्नु शुद्ध हुन्छ अकलापर्दा जानी जानी खायो भने प्राजाप्रत्य जान्दायण गरी गोडान गरी ब्राह्मणलाई सीधा दक्षीणा दान दीई सर्कारमा तुरू १२० दण्ड तीरी पन्च गव्य गंगाजलषाई आफ्नो जातलाई तुरू १२।१२ दीई तीनीलाई भोजन गराई रात्रीमा ताराको दरखन गरी जातसंगा भात मीलाउनु : ॥

बाबु ब्राम्हण आमाबीधवा रजपुत्रीबाट जन्मेका जैसीलाई जनैदीई सीखा गायत्री डीनु ती जैसी ब्राह्मणले संकलप पढ्नु श्रेष्ट जातसंग बीबाह कर्म गर्नु जोतीस शास्त्र पढ्नु पात्रो बनाउनु ग्रहण योगस्नानादीयोगहरू कहनु चीन्हा लेखनु यतिकार्य गर्नु हुन्छ ई बाहेक अरू ब्राह्मणले गर्ने कार्य हुन्डैन कदाचीत यस्थीतीको मर्ज्यादानाघी जैसी जातले अरू ब्रहम कर्ममा प्रवृत्त भए त्यस जैसीलाई तुरू १२ डण्ड गर्नु : ॥

बाबु ब्राह्मण आमा स्ववर्ग क्षेत्रीणी जात जन्म हुने कर्माचार्य भन्ने जातले शीखा गायत्री पाइ तुजजादेबीको टहल गर्नु कधपित केही कारणले देवीको कामहरू अडकाउ हुने भए पनि पूजा नअडकाउनु अरूले छुन नहुने टी देवतालाई बोकी राज हुने थाउ षडमा ल्याउनु ती कर्माचार्यले आफ्ना

पुरूषामा नचलेको बलमीची जणै ल्याए जनै छीनाली डीई त्यस कर्माचार्यलाई आगामा लाल गरी षोलेमा फलामका तारको जनै लगाई डीनु यस देषी अरू कुरामा माथीकै सदर थान्नु : ॥

जैसी जातले आफूले गर्न हुने कर्महरू बाहेक बल मीचायी गरी उपल्ला जातले गर्ने कर्म गरे त्यस जैसीको जनै छीनाई श्रेष्ट जातमा मीलाई डीई तुरू २४ डण्ड गर्नुः ॥

ब्राह्मणले षुसलनीलाई स्वास्नी तुल्याए भन्ने तुरू १२० डण्ड गर्नु प्राजाप्रात्य चान्द्रायण गरी आफ्ना जात वर्ग (?) लीई तुरू २४।२४ दस्तुर डीई भोजन गराइ पंच गव्य गंगा जल शाली ग्राम जल तुलसी जलषाई रात्रीमा ताराको दर्सन गरी भोनग गर्नु सुद्ध हुन्छः ॥

तपीनी, मुसलनी, शाल्मीनी, चीत्रकारीनी, भटीनी, पुलापुलीनी, यीनीहरू स्त्री जातलाई ब्राह्मणले स्वास्नी तुल्याएका हकमा खुसलनी संग बीग्रदा हुने बमोजिम कार्य गरी सुद्ध हुन्छ : ॥

नाउनी, सद्धरनी संग ब्राह्मण बीग्रे तुरू १४० डण्ड गर्नु अरू माथी लेषीयो बमोजिम गरे सुद्ध हुन्छ : ॥

लोहकर्नी, कौनी, माहुतीनी, छीपीनी, मातीनी, कलीनी, कसाहीनी, गठीनी, संखुनी, छत्रकार्नी, सबलनी, सुढीनी, कुसलीनी, बलामीनी, माझीनी, यति स्त्री जातलाई ब्राह्मणले स्वास्नी तुल्याए तुरू ४८० दण्ड गर्नु चामुन्द्रायणका हकमा माथी लेखिएको डोबर गरी अरू कर्मै लेषीए बमोजिम गर्नु शुद्ध हुन्छ : ॥

पोडेनी, कुलुनी, च्यामेनी, इनलाई देखी उपल्ला जातका पुरूषले स्वास्नी तुल्याए भने उही जात हुन्छ प्रायश्चित छैन नजानि भूल परि बिग्रे तुरू २४० डण्ड गर्नु तिन प्राजाप्रत्य चान्द्रायण गरी अरू कर्म माथी लेषीय बमोजिम गर्नु सुद्ध हुन्छ : ॥

यी सबै जातमा लोकने भएका स्वास्नी संग बीग्रे सुन श्रृगी मोहर रूपैया ६० डण्ड गर्नु अरू माथी लेषीएकै सदर गर्नुः ॥

लासा जानेका सुवासनीसंग बीग्रे लेखीयाका डण्डको दोबर डण्ड गर्नु यी माथी लेषीयाका कसुरहरू क्षत्रीय जातले गरे त्यसको आधा दण्ड गर्नु प्रायश्चित पनि आधा गर्नु अरू कुरा ब्राह्मणलाई हुने बमोजिम गर्नु बैस्य जात बीग्रे भने डण्डका हकमा क्षत्रीयलाई हुने बमोजिम गर्नु प्रायश्चित आधा गर्नु अरू लेषीयकै सदर सुद्र जात बीग्रे भने छेत्रीयलाई हुने डण्डको आधा डण्ड गर्नु चान्द्रायण माथीकै सदरः ॥

प्रायश्चित गर्नु नपर्ने लोकने हुने स्वजातका स्वास्नी संग बीग्रे सुन श्रृगी रू ६० डण्ड गर्नुः ॥

असल जातका स्वास्नी संग उ भन्दा कम जातका पुरूष बीग्रे भने जातको पल्कि बढाई सुवास्नीको गर्भ रहेको छैन भने भूलपरि बिग्रेको भए चौथा डण्ड गर्नु चान्द्रायण प्राजापत्यहरूका हकमा माथीकै सदर गर्नु जानी जानी बिग्रेको भए डण्ड चान्द्रायणका हकमा लेषीयकाको डोबर बढाई गर्नु अरू माथि लेखिएकै सदर गर्नु ।

लोकने हुने ब्राह्मणी संग ब्राह्मण बिग्रे सुन श्रृगी रूपैया ३० डण्ड गर्नु ती ब्राह्मणी आफ्ना जात भातबाट भ्रष्ट हुन्छीन लोकने भएका ब्राम्हणी संग क्षेत्रीये बीग्रे लीङ् काटी सुन श्रृगी रू ३० डण्ड गरि फेरी खोला पार लगी त्यस क्षत्रीलाई चान्द्रलका हातबाट यक चोतमा मर्ने गरी हानी मार्नु बीधवा ब्राम्हणी संग क्षत्रीय वीग्रेका हकमा लीङ मात्र काटी सुन श्रृगी ३० दण्ड गर्नु त्यस ब्राम्हणी संग बीग्रने क्षत्रियले आफ्ना जातमा जात भातमा जानु परे प्राजापत्य चान्द्रायण गर्नु अनि अपराधबाट सुद्ध हुन्छः ॥

लोकने भएको ब्राम्हणी संग बैस्य जात बीग्रे भने लीङ काति दिनु सुन श्रृगी १२० दण्ड गर्नु दुबै लोकने स्वास्नीलाई चान्द्रायणहरू छैन अपराधी थहछर्न बीधवा ब्राम्हनी संग बैस्य विग्रे लिङ काटी सुन श्रृगी

रूपैया ६० दण्ड गर्नु ब्राम्हणी चान्द्रायण छैन अपराधी हुनेछ बैस्यका हकमा त्यस्ता बैस्यले आफ्ना जात भातमा चलनु परे १० प्राजाप्रत्य चान्द्रायण गर्नु अनी सुद्ध हुन्छः ॥

लोकने हुने ब्राम्हणी संग सुद्र बीग्रे लिङ काटी खुवाई चण्डालको हातले तेसलाई कटाउनु ब्राम्हणीलाई चान्द्रायण छैन लोकनेको जातमा मील्छः ॥

अब जात जातले गर्णे जात जातको बीसेख कार्यको व्यवस्था सानु थुलो जात छुतीने गरी तल्ला जात देखि क्रमै लेखिन्छ : ॥

कुलु जातले गर्ने कामको व्यवस्थाः- आफ्ना जातका हात बान कपाल खोरनु नङ कातनु फेरी बृधी सुतक मृती सुतकहरूको कर्म पनि आफु आफुले गर्नु आसौंच १० दिन बार्नु फेरी पैतालिस डिन पीड कर्म सपीण्ड कर्महरू पानी आफ्ना जातका नाइकेका बचनले आफ्ना जातका जान्ने मानीसका मुषबाट वाक्य पढी गराउनु छालाका कुवा गाग्रो थैला थैली आडी गरेका मालाहरू बनाउनु फेरी बाजा पेटाराका गोलामा छाला लगाउनु आफ्नो जातले गर्ने छालाको रकम छोडी अरू जातका इलम गरे त्यस कुलुलाई तुरू १२० दण्ड गर्नु यस जातले आफ्ना जातमा बिहा गर्न

पाएन भने आफ्नो जात नदबाई स्वास्नीलाई राजी गराई श्रेष्ट देषी कुसलेनी सम्मका स्वास्नी ल्याउनु बात लाग्दैन ।

अब पोडे जातले गर्णे कामको व्यवस्थाः- आफ्ना जातका हात बातै कपाल खौरनु न कातनु, आफु आफुले बचन पढी सुतक पीण्डहरू गर्नु जाट पोसाक जोडी नलाउनु सुनको गहना नलाउनु बीना कामले सूर्य नारायण अष्ट भए पछि सहर भीत्र नपसनु पीठदेवताका समीपमा बसी डेवताका गहनाको संभार गरी नैबेड मागी षानु माछा मारी भगेरा समाती बेची षानु आफु भन्दा थुला जातलाई नछुनु गाई नखानु सूगुर षानु मुर्दाका लुगाहरू बटोली लिनु श्मशानको दस्तुर एक दाम लीनु पोडेनीले सती जाने स्वास्नी संग धूप प्रेम पूर्वक मागी जोर पोसाक लिनु सती जाने स्वास्नीले लोग्ने संग नमरी चीता बात झरी जान्न भनी भने त्यस स्त्रीले पोडीनी संग मीली सोहीजात भइ बस्नु : ॥

डुम जातको व्यवस्था : ॥ कुसले जात संग भई ढोलक बजाउनु स्वास्नी नचाई कमाई गरी खानु सुतक मृत्तीक कमै-रत्रै पछीक कर्महरू आफैले गर्नु : ॥

टटी जातको व्यवस्थाः- यो जातले प्रजाहरू मरे पछि श्मशानमा लैजाने बखतमा चाहिने कात्रो बुनी टंका एक मोल लिई बिक्री गर्नु

सतिका कात्रोको मोल भने दुई तका लिनु सुतक ६ दीन जुथो १० दिन बार्नु पुरोहित गुवाल गर्नुः ॥

कुसले जातको व्यवस्थाः- यस जातले सबै प्रजाहरूका मंगल कार्य गर्दामा बाजा बजाउनु दस्तुरका हकमा सामान्य कार्य गर्दामा भए बाह्र दाम लिनु बिबाह कार्यमा भए जनही रू. ॥. दस्तुर लिनु पास्नी ब्रतबन्ध चुदाकर्महरूमा भए दस्तुर जनही दाम ६।६ को हीसापले लीनू ।

कुलुकुलु जातका व्यवस्थाः- दुनियाहरूका मृतकलाई श्मशान घाटमा लैजादा अघि अघि लागी मजुरा आरती बजाई आफ्नो डस्तुर चार दाम र यक कुरूवा चावल लीनु-कसाजीबाट कपाल नङ बणाउनु सुतक जुथो गैपछीक पुरोहित माथि लेखीये बमोजिम गर्नु : ॥

मंगल कार्य गर्नेले इनहरूलाई पेटभरी षुवाउनु यस जातले दाकदा नआई काम अडकाए तुरू १२ डण्ड गर्नु आफ्नो साविकको कुसले लाई छोडी अरूलाई डाकि काम लगाउनेलाई तुरू १२ डण्ड गर्नु फेरी टोल टोलमा दुनियाको चोकहरू बढारी खानु फेरी कपालीक भेष भई दबरू बजाई मागी खानु सुतक ६ मृतुक ७ दिन बार्नु मृतक गाडनू पूरोहित आफ्नो जातको हुनु मरे मात्रै पछीक कार्य गर्नू खेत बारी कमाउनू : ॥

कसाही जातको व्यवस्थाः आफ्ना जातका हातले नङ केस बनाउनू दुनियाको सबलाई श्मशानघाटमा लैजादा सतिको बाजा बजाएकोमा एक एक टका र अरूमा भया तीन तिन दाम दस्तुर लीइ बाजा बनाउनु दुनिया का काममा रागा काटदा यक दाम वा एक पैसा दस्तुर लिई रागा कातनु भित्र तीका बाल रागा न काटी बाहीर रागा न काट्नु भला मानिसलाई त्यो मासु नबेच्नु चौरमा प्रजाहरूको रागो कातनु परे राज दस्तुर एक पैली मात्र रागो काटनू मासुको वेपार गर्नेले राज दस्तुर डोबर डीनू डूनियाले बडेल काटनू पर्‍यो भने सर्कारमा टाउको चढाई आफ्नो दस्तुर आथ पैसा लिई मासु छुत्याई डीनु आफु भन्दा थुला जातलाई दही दुद नबेच्नु, घ्यू पनि नदिनु, सुतक ६ दीन जूथो बार्नु त्त्र पछी उकर्महरू माथी लेखिएकै सहर खेती गर्नु पुरोहित गुबाल गर्नु : ॥

नरी जातको व्यवस्थाः- भीतामा चीत्रकार लेषनु फेरी फरमायसी चीत्र पनि लेखनु, कसाई बाट नङ कटाउनु च्युरा कुटने मुसल नसमाटनु सुतक ६ दीन जूथो डस डीन बार्नु त्रै पछिक कर्म गर्नु पुरोहित गुबाल गर्नु : ॥

माली जातको व्यवस्थाः- ॥ : फुल बेची साटी षानु, सुतक जुथो पुरोहितहरू नगरी जातका बमोजिम गर्नुः ॥

छीपाको व्यवस्थाः- ॥ : नीर आडी रङले धाकां कपडाहरू रगाउनु कसाही बाट कपाल खौराउनु, नङ कटाउनु सुतक जुथो त्रै पछीक उप्रेतहरू नरी जातका बमोजिम गर्नु : ॥

नकर्मी जातको व्यवस्थाः- फलामको काम गर्नु सुतक ६ दीन बार्नु नापीत कसाइ गर्नु, जुथो त्रैपछीक पुरोहित माथीकै सदर गर्नु : ॥

पीछीनीको व्यवस्थाः- दुनियाको बालख जन्मदा बढीया दीनमा नाल फालि डोबातमा लगी गाडनु सुधीनीले पाउने दस्तुरको आढा दस्तुर लीनु सुतक ६ दीन जुथो १० दिन बार्नु पुरोहित गुभाल गर्नु त्रैपछीक गर्नु नाउ कसायी गर्नु षेत कमाउनु : ॥

सघत जातको व्यवस्थाः- दुनियाहरूको लुगा धोई वर्ष वर्ष डीनको कबुल बमोजिम बाली वा महीनाबारी खानू सुतक जूथो परेमा त्यो परेका बीष्टाबाट ६।६ कुरूवा च्युरा १६।१६ दाम दस्तुर भाग लिई खानु खेत कमाउनु जुथो सुतक प्रोहितहरू माथी कै सदर : ॥

नाउको व्यवस्थाः- ब्राह्मण देषी ज्यापू पर्यन्तका जातको कपाल खौरनु नङ काटनु सुतक जूथो परेमा ६।६ कुरूवा च्यूरा दस्तुर लीनू, अरू कार्यमा बीष्टले जोडीएको भाग लिनु, फेरी माहुर लाउनु ऐना देषाउनु

चूडा कर्म ब्रतबन्धहरूमा भने १२।१२ दाम दस्तुर लिई भोज षानु, फेरी खेत कमाउनू, सुतक जुथो १० दीन बार्नु त्रै पछीक लत्याकर्म पनि गर्नु पुरोहीत माथी कै सदर : ॥

कोनालको व्यवस्थाः- नेपाले धुप बनाई काथ कुंडी बेची खानु अरू कार्य माथी कै सदर : ॥

माहा ब्राह्मण (भात) जातको व्यवस्थाः- पाखी पतुकाहरू रगाउनु, मृतक परेमा यकादसाहरूका दीन दिएको भोजन गर्नु फेरी खेत कमाउनु पसल नराषनु जुथो सुतकहरू माथी कै सदर : ॥

चीत्रकारीको व्यवस्थाः- देवताको चीत्र लेख्नु गुबालसंग दीक्षा ग्रहण गर्नु, रक्सी जाडहरू बेचनु, षेत नकमाउनु नाउ कसायीं गर्नु, जुथो सुतकहरू माथी लेषीकै सदर : ॥

साल्मीको व्यवस्थाः- तेल पेली बेचनू, बाबीयाले षत बाधनू, अरू कर्म माथी कै सदर : ॥

मुसल जातको व्यवस्थाः- कसायीले मासु बेचने ठाउमा मासु पोका पारी डीई दिएको आफ्नो डस्तुर लीई खानू, सुतक जुथो माथी कै सदर :॥

टेपोट जातको व्यवस्थाः- पालुगाको साग रोपी व्यवस्था सीत बेचनु, बेचदा श्री ५ सरकारमा दस्तुर डीनू, काहार बाजा बजाउनू, खेटी गर्नु, सुतक गैह्र माथी कै सदर : ॥

खुसल जातको व्यवस्थाः- काहार बाजा बजाउनू, षत बाधदा साल्मी जातले नपुगे गुहार गर्नु षेती गर्नु, सुतक गैह्र माथी कै सदर : ॥

सीकर्मीको व्यवस्था काथको काम गर्नु, सुतक ६ दीन जूथो १० दिन बार्नु त्रैपछीक गर्नु पुरोहित समेत माथी के सदर : ॥

ग्वाल हेलको व्यवस्थाः- गाई पालनू, दुद दही घीउहरू बेचनू श्री ५ सरकारलाई अरू प्रजाहरूलाई कार्य गर्दा चाहीयेका गाईहरू तयार गरी मोल लीई डीनू सुतक १० दीन जुथो १२ डीन बार्नु त्रैपछीक पुरोहित ब्राह्मणहरूका हकमा माथी के सदर : ॥

कहमाल जातको व्यवस्थाः मातामा भाडा बनाई सर्कारलाई दस्तुर डिई बेचनु, सुतक १० डिन गर्नु, जुथो १० त्रैपक्षीक माथी कै सदर प्रोहीतगुबाल अचार गर्नुः ॥

तदास जातको व्यवस्थाः लासामा कोठी थापी बेपार गर्नु, सुतक ६ डीन जुथो १० डीन बार्नु त्रैपछीक गर्नु प्रोहीत गुबाल गर्नु : ॥

तती जातको व्यवस्थाः कात्रो बुन्नु जनै बनाई बेचनु सुतक जुथो १० डीन बार्नु, त्रैपक्षीक गर्नु पुरोहित ब्राम्हण गर्नू : ॥

तमोत जातको व्यवस्थाः- टामा कासा आडी गरेका धातुका भाडा बनाउनु सुना चाडीको जलप् सार्नु सुतक ६ डीन जुथो १२ डीन बार्नू तैपक्षीक कर्म माथी कै सदर उप्रेतका हकमा ब्राम्हण जोसी आचारहरूमा गर्नु यजमान बुद्ध मार्गी भय प्रोहीत गुबाल गर्नूः ॥

सुलीम श्रेष्टको व्यवस्थाः- रानीका माईतीजनभए माईतीले गर्ने काम त्यसले गर्नु बेपार गर्नु सुतक जुथो त्रैपक्षीकहरू माथी कै सदर : ॥

कीसानीको व्यवस्थाः- देवदेवताका पुजासामाग्रीहरू बोकनू बली फालनू प्रोहीत गुबाल गर्नू खेत कमाउनू जूथो सुतक त्रैपछीकहरू माथी कै सदर : ॥

बैडयको व्यवस्थाः दुनियाको नडी हेरी व्यथाहटाई औषधी गरी व्यथानीबार नगर्नु असाध्य भई जाने थहरेकालाई बैतरनी आडीदानहरू गराई तीर्थ पुऱ्याउनु औषड षुवाउदा अनुपाम पथ्म मुनासीब बिचार गरी प्रयोग गर्नू डस्तुर एकतकालीनु : ॥

लोहकमीको व्यवस्थाः- सास्त्रोक्त प्रमाण पूर्वक देवदेवताहरूको मुर्तीहरू बनाउनु सुमेरू षोली ढुन्हु फोर्नु सुतक १० डीन जुथो १२ डीन बार्नु त्रैपछिक कर्म गर्नु उप्रेट गुभाल गर्नू : ॥

बराही जातको व्यवस्थाः- काटको फरमायसी काम गर्नू चरषाउयींटा धुष आडी काठका मालहरू बनाई बेची षानू सूतक जुथोहरू माथी कै सदर प्रोहीत ब्राम्हण गर्नू बुद्ध मार्गी भए गुभाल गर्नू : ॥

हलवायींको व्यवस्थाः- रोती बनाउनु गुभाल संगमंत्र सुन्नु सुतक १० डीन जुथो १२ डीन बार्नु त्रैपक्षीक कर्म पनि गर्नू : ॥

बीषुबाडाको व्यवस्थाः- मूला अदुवाको षेती गरी बेचनू पन्च पटाका डीनू शीषा मुण्डन गर्नू गुभाल संग मन्त्र सुन्नु सुतक १० डीन जुथो १२ डीन बार्नु त्रैपछीक कर्म पनि गर्नु पुरोहीत गूबाल गर्नू : ॥

बाडाको व्यवस्थाः- सुन चाडीको गहना बनाउनु ढलबत धातुको भाडा बनाउनु धातुको बुता काट्नु सुन चाडीको जलपसार्नू कासाका कचउरा बनाउनु पुरोहीत गुभाल गर्नु सुतकाडी कार्यहरू माथी कै सदर : ॥

बज्राचार्यको व्यवस्थाः- यी गुभाल जातले श्रेष्ट ज्यापु हलवायी बरहि सीकर्मी लोहकर्मी चीत्रकारी सम्मका अघी देषीन आफूले मंत्र डीईआएका बुद्ध मार्गीलाई मंत्र डीनू सुतक ६ डीन जुथो ७ डीन बार्नू, प्रोहीत गुभाल गर्नू पैतालीश डीने कार्य पनि गर्नू : ॥

कसालको व्यवस्थाः- काशो कुतिपीटी भाडा बनाउनु सुतक १० डीन जुथो १२ डीन बार्नू पैतालिस डीने कार्न्य पनि गर्नू : ॥

पीथाचार्न्यको व्यवस्थाः- पीठ पीठमा देवताको पुजाहरू गर्नु आफुले अघी डेषी गरी आएका अधीकार पाएका महाबली आडी गरेका बली बीधानहरू गर्नू ब्राम्हणबाट मन्त्र सुन्नू जनै धारणा गर्नू बीधीकाहरूमा आफ्ना जातका शीष्ट पुरूषले गर्नू सुतक १० डीन जुथो १२ डीन बार्नू पैतालीस डीने कार्न्य पनि गर्नू बीबाह कार्यमा भ्रष्ट जात दुनीयाको घर पबीत्र गर्नू : ॥

शिवाचार्न्यको व्यवस्थाः- सबलीन्हुको पुजा गर्नू आफ्ना अधीकार भएका जात सम्ममा यजमानी गरीयज्ञाडी कर्म गर्नू फेरी गृह सुधी कर्म पनि गर्नू ब्राम्हणबाट मंन्त्र सुन्नु जनै धारना गर्नू आफ्ना जातका कर्महरू आफ्ना जातका शीष्टका हातबाट गर्नु सुतकाडी माथी कै सदर प्रोहीत ब्राम्हण गर्नू श्रेष्ट जातसंग बीबाहाडी व्यवहार चलाउनू : ॥

कर्माचार्यको व्यवस्थाः- श्रीतलेजुको तहल गरी चौकी बस्नु ब्राह्मणबाट मंन्त्र सुन्नु जनै धारना गर्नू बीधी आफुले नै गर्नू आफ्ना अधीकार भएका जात सम्ममा यजमानी गर्नू प्रोहीत ब्राह्मण गर्नू सुतकाडीमाथी कै सदर : ॥

गुबाचार्यको व्यवस्थाः- श्रेष्ठलाई डीक्ष्या सुनाउनु ब्राह्मणबाट मंन्त्र सुन्नू आफ्ना अधीकार भएका जातमा यजमानी कार्य गर्नू सुत्र कार्यमा होम गर्नू प्रोहीत ब्राह्मण गर्नू सुतक जुथो माथी कै सदर : ॥

देबाचार्यको व्यवस्थाः- आफ्ना जातको शीष्टबाट मंत्र सुन्नु आफ्ना सुभ कार्यमा होम गर्नू यजमानी पनि गर्नू प्रोहीत सुतकहरू माथी कै सदर : ॥

पात्रबंशथकुलवत्का व्यवस्थाः- ब्राह्मणबाट मंन्त्र सुन्नू ढालतरबार भीरनू राजसेवामा नीरंन्तर रहनू प्रोहीत सुतकहरू माथी कै सदर : ॥

राज लबतको व्यवस्थाः- ब्राह्मणबाट मंत्र सुन्नु ढाल तरबार भीरनू राजासेवामा रहनू पुरोहीतहरू माथी कै सदर : ॥

कायस्थ जातको व्यवस्थाः- सर्कारको दस्कटर मोहर लेषनू फेरी राज दुनीया सबैमा डान पत्र सुक्री बीक्री पत्र तमसुक भाषापत्र गैऱ्ह

व्यवहारीक लेखत जति लेखनू त्यो लेख लेखेको डस्तुर लीनु ब्राह्मण संग मंत्र सुन्नु प्रोहीत सुतकहरू माथी कै सदर : ॥

भारो श्रेष्टको व्यवस्थाः- शीव मार्गीले ब्राह्मणसंग मंत्र सुन्नु बुद्ध मार्गीले गुभाजु संग मंत्र सुन्नु बेपार कार्य गर्नू पुरोहीतका हकमा शीव मार्गीको ब्राह्मण बुद्ध मार्गीको गुभाल गर्नू अरू सुतकाडीहरू माथी कै सदर : ॥

अमात्य माहाजुहरूको व्यवस्थाः- ब्राह्मणसंग मंत्र सुन्नु उतम श्रेष्टसंग बीबाह गर्नू राज्यकार्य गर्नू प्रोहीत सुतकहरू थारो श्रेष्ट कै सदर : ॥

जोसीको व्यवस्थाः- ब्राह्मणसंग मंत्र सुन्नू जनै शीखा गायत्री धारणा गर्नूः संकल्प बाक्य पढीनीत्य कर्महरू गर्नू उतम श्रेष्टसंग बीबाह गर्नु जोतीष सास्त्र पढनू पात्रो बनाउनू ग्रहण ग्रहयोग स्नानदान प्रासस्त्य योग ग्रहको मेलक सुभा सुभ योग ईत्याडी ठीक ठीक निर्नय गरी प्रजाहरूलाई कहनू जन्म पत्री चीना लेषनू साईत हेर्नू लेषनू यस डेषी उपल्ला श्रेणिका ब्राह्मकर्महरू नगर्नू आफ्ना अधीकार सम्मको यजमानी कार्य गर्नू प्रोहीत सुतकहरू माथी कै सदर : ॥

थकुरीको व्यवस्थाः- ब्राह्मणसंग मंत्र सुन्नु जनै धारणा गर्नू सीव मार्ग बुद्ध मार्ग मान्नू ढालतरबार भीरनू राजकाज गर्नू अरू माथी कै सदर : ॥

थाकुरको व्यवस्थाः- ब्राह्मणबाट दस कर्म गराउनू जनै धारणा गर्नू मंत्र स्वीकार गर्नू ढालतरबार भीरीसदा राजकाजमा रहनू बाणीज्य बेपार गर्नू प्रोहीत सुतकाडी माथी कै सदर : ॥

श्री ५ सर्कार राजाको व्यवस्थाः- ब्राम्हणबाट दस कर्म गरी गायत्री जनै धारणा गर्नू दीक्ष्या मंत्र स्वीकार गर्नू ढालतरबार भीरनू आफ्ना नीतीमा रहनू अरूलाई पनि चलाउनू प्रोहीत सुतकाडी माथी कै सदर : ॥

देव ब्राम्हणको व्यवस्थाः- स्वजात बक्त मंत्र सुन्नु सुनाउनू राजालाई मंत्र डीनू श्रेष्टसम्मका जातमा यजमानी कार्य गर्नू बेद मंत्र स्मृती पुराणाडीबाट कृत्यमाणनती भएका कार्यहरू गर्नू गराउनु नीषेध गरेका कार्यहरू नगर्नू नगराउनू राजगुरू घरेल पुराण नबाचनू राज गुरूले अरूलाई मंत्र नसुनाउनू प्रोहीत स्वजातीय ब्राम्हण गराउनु सुतक १२ डीन जुथो १२ डीन बार्नू पैतालीस डीनमा गर्नेमा सीक श्राद्ध समीडीकरण श्राध्दहरू पनि गर्नू : ॥

ब्राम्हणजातका छोरा नभई ब्राह्मण परलोक भएमा तीनकी ब्राह्मनीले स्वधर्ममा रहुन जेल जो भएको चल अचल धनहरू षान बेहोर्न पाउछीन ति ब्राह्मणी छुंन्जेल अपुताली भनी दाज्यू भाईले लीन पाउडीनन् कार्यहरू पनि अरूले गर्न हुदैन ति ब्राह्मणीको अधीकार छ : ॥

यस्ता हीसाबले यी राजा जयस्थीती राजमल्ल देवले स्थीती बन्दोबस्त बाधी सबै प्रजाहरूलाई वर्तनगराई आफु पनि त्यसै स्थीतीमा रहे यो स्थीतीपछि हुने राजा र प्रजाहरूमा जसले जसले नासगर्ला उसलाई पाप लाग्ला जसले थामी उन्तर उन्तर उन्नती गराउला उसलाई पुन्ये हुने छ भनि श्लोक समेत लेखी प्रचार गराए : ॥

साभारः डा. चन्द्रविक्रम बुढाथोकी,

पहिलो पटक, २०३९,

साझा प्रकाशन ।